# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, पुस १ गते २०३१ साल [अतिरिक्ताङ्क ३६+(क)

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले झापा, मोरङ र सुनसरी जिल्लाहरूमा सोही ऐनका देहायका दफाहरूबमोजिमका मुद्दा मामिलाहरूको कारवाई र किनारा तथा अधिकारको प्रयोग गर्न भूमि प्रशासक श्री टंकनिधि तिवारीको एक सदस्यीय समिति गठन गरेको छ।

समितिको कार्यावधि काम शुरु गरेको मितिले तीन महीनाको हुनेछ।

उपरोक्त जिल्लाहरूका भूमि प्रशासन कार्यालयहरूमा २०२९ साल चैत्र मसान्तसम्म दायर रहेका, उक्त दफाहरूसम्बन्धी किनारा गर्न बाँकी मुद्दा मामिलाहरू यस समितिमा सर्नेछन् र सो मुद्दा मामिलाहरू यस समितिलेनै किनारा गर्नेछ। यस समितिको कार्यावधिसम्मका लागि उक्त अधिकार (मुद्दाहरूमा २०२९ चैत्रसम्म दायर रहेको मात्र) भूमि प्रशासकलाई रहने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९२

समितिले प्रयोग गर्ने गरी तोकिएका दफाहरूः–

१. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को उपदफा (१) र उपदफा (३),
२. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१ (क),
३. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३२ को उपदफा (१) तथा उपदफा (४) र
४. भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३८।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

५९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, पुस १ गते २०३१ साल [अतिरिक्ताङ्क ३६+(ख)

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

जग्गा नाप जाँच नियमहरू (संशोधन सहित) २०२३ को नियम ७ को उप-नियम ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०२९ चैत्रमसान्तभित्र दायर भएको झापा, मोरङ र सुन्सरी जिल्लाहरूका उजूरीहरू कारबाहि र किनारा गर्न उक्त नियमको ७ (२) को प्रयोजनको लागि अधिकारीमा खण्ड २४, २०३१ पौष १ गते अतिरिक्तांक ३६+(क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित समितिको सदस्य भूमि प्रशासक श्री टंकनिधि तिवारीलाई तोकेको छ ।

समितिको कार्यवधिसम्मका लागि उक्त उजूरी हेर्ने अधिकार (२०२९ चैत्रसम्म दायर रहेका मात्र) भूमि प्रशासक र शाखा अधिकृतहरूलाई रहने छैन ।

आज्ञाले—

वासुदेव प्याकुरेल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।